## संवत् २०८२ साल फागुन १२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः न्यूयोर्कमा आयोजना हुने United Nations Statistical Commission को ५७ औं सत्रमा २०८२ फागुन १९ देखि २२ गतेसम्म सहभागी हुन राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी डा. कमल प्रसाद पोखेल शर्मालाई स्वीकृति दिने।

२. अर्थ मन्त्रालयः एस्टोनिया र फिनल्याण्डमा आयोजना हुने Digital Government Transformation सम्बन्धी उच्चस्तरीय भ्रमणमा २०८२ फागुन २५ देखि २९ गतेसम्म सहभागी हुन अर्थ मन्त्रालयका सचिव डा. घनश्याम उपाध्यायलाई स्वीकृति प्रदान गर्ने।

३. अर्थ मन्त्रालयः चीन सरकारबाट प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि प्राप्त हुने चार मिलियन अमेरिकी डलर बराबरको नगद अनुदान सहायता स्वीकार गर्ने।

४. अर्थ मन्त्रालयः नेपाललाई OECD Global Forum on Transparency and Exchange of Information for Tax Purposes को सदस्यता लिन स्वीकृति प्रदान गर्ने।

५. अर्थ मन्त्रालयः आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबिच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको आधार, विधि र हिस्सा स्वीकृत गर्ने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः निर्यातमा अनुदान प्रदान गर्नेसम्बन्धी कार्यविधि, २०७५ खारेज गर्ने।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ खारेज गर्ने।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको वित्तीय लगानी ढाँचा स्वीकृत गर्ने।

९. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः काठमाडौं जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश डा. दिवाकर भट्टलाई उपभोक्ता अदालत काठमाडौंको अध्यक्ष तोक्ने।

१०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः बिमा ऐन, २०७९ को दफा १४० बमोजिमको कसुर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न ७७ वटा जिल्ला अदालतलाई तोक्ने।

११. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीका दुईजना अधिकृतलाई न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरहको पदमा नियुक्त गर्ने।

१२. गृह मन्त्रालयः काठमाडौंस्थित बेलायति राजदूतावासमा सहायक सैनिक सहचारी पदमा कार्यरत अवकाश प्राप्त मेजर श्री हितमान गुरुङ्ग, कास्कीलाई बेलायतका राजाद्वारा प्रदान गरिने Most Excellent Order of the British Empire (BEM) उपाधि ग्रहण गर्न स्वीकृति दिने।

१३. गृह मन्त्रालयः यातायात क्षेत्रसम्बन्धी सम्मानित सर्वोच्च अदालतको आदेशहरू कार्यान्वयनसम्बन्धी जाँचबुझ आयोगको म्याद एक महिना थप गर्ने।

१४. गृह मन्त्रालयः विक्रम सम्वत् २०८३ साल वैशाख १ देखि चैत मसान्तसम्म एक वर्षभरि दिइने सार्वजनिक बिदा निर्धारण गर्ने।

१५. गृह मन्त्रालयः २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा २०८२ फागुन २० देखि २२ गतेसम्म तीन दिन मुलुकभर सार्वजनिक दिने।

१६. गृह मन्त्रालयः २०८२ चैत २५ देखि २७ गतेसम्म फ्रान्समा आयोजना हुने 21st INTERPOL Annual Heads of NCB Conference मा सहभागी हुन प्रहरी महानिरीक्षक श्री दान बहादुर कार्कीलाई स्वीकृति दिने।

१७. गृह मन्त्रालयः २०८२ फागुन १८ देखि १९ गतेसम्म भारतमा Raisina Insights Forum 2026 (RIF-2026) मा सहभागी हुन अतिरिक्त मुख्य अनुसन्धान निर्देशक श्री ओम प्रकाश जोशीलाई स्वीकृति दिने।

१८. गृह मन्त्रालयः २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनका क्रममा घाइते भएका सुरक्षाकर्मी (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग) तथा निर्वाचन प्रहरी (नियुक्ति भएको मितिदेखि निर्वाचनमा खटिएको अवधिसम्म) को उपचारमा लागेको खर्च नेपाल सरकारले व्यहोर्ने। साथै, सो अवधिमा निजहरूको मृत्यु भएमा आश्रित परिवारलाई बीस लाख आर्थिक सहायता उपलब्ध गराउने।

१९. परराष्ट्र मन्त्रालयः नेपाल सरकारको प्रतिनिधित्व गर्दै २०८२ फागुन ४ देखि ७ गतेसम्म बंगलादेशका नवनिर्वाचित प्रधानमन्त्री तारेक रहमानको शपथ ग्रहण समारोहमा सहभागी हुनुभएका माननीय परराष्ट्र मन्त्रीको भ्रमण समर्थन गर्ने।

२०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः चीन सरकारको अनुदान सहयोगमा निर्माण/स्तरोन्नति हुने कलङ्कीदेखि बसुन्धरासम्मको काठमाडौं चक्रपथ सुधार आयोजना कार्यान्वयन सम्झौतामा उल्लिखितबमोजिमको विषयहरूमा कर छुट दिने।

२१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः २०८२ फागुन २५ देखि २९ गतेसम्म संयुक्त राज्य अमेरिकाको Washington DC मा आयोजना हुने 23rd Annual Transforming Transportation 2026 विषयक सम्मेलनमा सहभागी हुन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री केशव कुमार शर्मालाई स्वीकृति प्रदान गर्ने।

२२. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः २०८२ साउन ९ गतेको निर्णयबमोजिम गठित रेडक्रस सोसाइटीको तदर्थ समितिलाई संवत् २०८३ साल असार मसान्तसम्मको लागि निरन्तरता दिने र सो समितिले उक्त अवधि भित्र नयाँ कार्यसमिति गठन गर्ने गरी बाधा अड्काउ फुकाउन आदेश जारी गर्ने।

२३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः भक्तपुर जिल्लामा निजामती कर्मचारीका शिशुहरूका लागि दिवा शिशु स्याहार केन्द्र सञ्चालन गर्न निजामती कर्मचारी श्रीमती संघलाई स्वीकृति प्रदान गर्ने।

२४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः २०८२ फागुन २५ देखि चैत ५ गतेसम्म न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसङ्घीय महिलाको स्थितिसम्बन्धी आयोग (CSW) को ७०औं सम्मेलनमा भाग लिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय श्रद्धा श्रेष्ठको नेतृत्वको प्रतिनिधि मण्डललाई स्वीकृति दिने।

२५. युवा तथा खेलकुद मन्त्रालयः २०८२ फागुन १ देखि ७ गतेसम्म सुर्खेतमा आयोजना हुने गरी तय गरिएको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता प्रतिनिधि सभाको आसन्न निर्वाचनपछि उपयुक्त समयमा आयोजना गर्ने गरी स्थगन गर्ने।

२६. रक्षा मन्त्रालयः २०८२ चैत १४ देखि २२ गतेसम्म अष्ट्रियामा आयोजना हुने Factory Inspection/ Independent Third Party Test मा सहभागी हुन प्राविधिक उपरथी धर्मेन्द्र कुमार झालाई स्वीकृति दिने।

२७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना महासेनानीको सरुवा गर्ने।

२८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना प्रमुख सेनानीको महासेनानी दर्जामा बढुवा गर्ने।

२९. रक्षा मन्त्रालयः United Nations Interim Force in Lebanon (UNIFIL) मिसन, Labanon मा Deputy Force Commander (DFC) को नियुक्तिमा कार्यरत नेपाली सेनाका उपरथी श्री मानबहादुर महरालाई निजको पहिलो एक वर्षको अवधि समाप्त हुने मितिबाट थप दश महिना शान्ति सेना मिसनमा कार्यरत रहन स्वीकृति प्रदान गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

३०. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः २०८२ फागुन १३ देखि १७ गतेसम्म दक्षिण कोरियाको सिओलमा नेपाल र दक्षिण कोरिया सरकारका प्रतिनिधिबिच हुने मौजुदा श्रम समझदारीपत्र (MOU) नवीकरणसम्बन्धी छलफल कार्यक्रममा सहभागी हुन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव, डा. दिपक काफ्लेलाई स्वीकृति प्रदान गर्ने।

३१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका एकतिस सहसचिवहरूको सरुवा गर्ने।

३२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः २०८२ फागुन ४ देखि ८ गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजना भएको AI Impact Summit मा सहभागी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री लक्ष्मी कुमारी बस्नेतको भ्रमण समर्थन गर्ने।

३३. वन तथा वातावरण मन्त्रालयः केरावारी-न्यू मर्स्याङ्दी (दरौदी करिडोर) १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजना निर्माणको लागि गोरखा र तनहुँ जिल्लामा रहेको राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

३४. वन तथा वातावरण मन्त्रालयः माथिल्लो जुनवेशीखोला जलविद्युत आयोजना निर्माणको लागि सोलुखुम्बु जिल्लामा रहेको राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

३५. वन तथा वातावरण मन्त्रालयः सेती खोला जलविद्युत आयोजनाको १३२ के.भि. विद्युत प्रसारण लाइन आयोजना निर्माणको लागि कास्की र तनहुँ जिल्लामा रहेको राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

३६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सोह्रौं योजना कार्यान्वयन कार्ययोजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) स्वीकृत गर्ने।

३७. राष्ट्रपतिको कार्यालयका सचिव डा. हरिप्रसाद लम्सालले उमेर हदको कारणबाट मिति २०८२ फागुन २४ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

३८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले उमेर हदको कारणबाट मिति २०८२ फागुन १० देखि अनिवार्य अवकाश प्राप्त गर्नुभएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

**म.प.बै.सं. ५३/०८२**

## संवत् २०८२ साल फागुन १७ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. हालै मध्यपूर्वमा उत्पन्न परिस्थिति र यसबाट उक्त क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षा एवं अन्य आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा सम्बन्धित मन्त्रालयहरूले देहायबमोजिम गर्ने:

(क) मध्यपूर्व र आसपासका देशहरूमा रहेका नेपाली नागरिकहरूको सुरक्षाको लागि सम्बन्धित निकायहरूसँग कुटनीतिक पहल गरी सुरक्षित रहन सक्ने वातावरण मिलाउने। यस सम्बन्धमा नेपालमा रहेका निजहरूका परिवारजनलाई सुरक्षित रहन गरिएको प्रबन्धबारे आश्वस्त पार्ने।

(ख) यस परिस्थितिमा नेपालभर वस्तु तथा सेवाको आपूर्ति शृङ्खलामा अवरोध हुन नदिने व्यवस्था मिलाउने।

(ग) परिस्थिति सामान्य नभएसम्मको लागि सम्बन्धित मन्त्रालय एवं निकायहरूले विदाका दिनमा समेत कार्यालय सञ्चालन गर्ने व्यवस्था मिलाउने।

(घ) यस परिस्थितिमा सम्बन्धित मन्त्रालयहरूले समन्वयात्मक रूपमा कार्य अगाडि बढाउने।

(ङ) मध्यपूर्व र आसपासका क्षेत्रमा रहेका नेपाली नागरिकहरूलाई सुरक्षित भई रहन एवं परराष्ट्र मन्त्रालयबाट जारी एडभाइजरीको पालना गर्न अनुरोध गर्ने।